## गाइभैंसीमा महामारीको रुपमा फैलिरहेको लम्पी स्किन रोग (LSD) को बारेमा जानकारी

हाल सुन्दरहरैंचा नगरपालिकाको विभिन्न वडाका गाई भैंसीहरुमा महामारीको रुपमा देखा परेको लम्पी स्किन रोग संग मिल्दो जुल्दो लक्षणको कारण गाइ भैसीहरुमा बिरामी परेको साथै केहीको मृत्यु समेत जानकारी आइरहेको हुदा पशु पालक कृषकहरुलाई आवश्यक सजकता अपनाउनु हुन अनुरोध गरिन्छ ।



### रोगका लक्षणहररु

- कचेरा निकाल्ने, सिँगान बग्ने, फिँज धेरै निकाल्ने,
- शरिरका विभिन्न भागहरुमा विषेश गरी घाँटी,पछाडिको खुट्टाहरुमा,पेट र थुन वरिपरि साना देखि ठुला गिर्खा देखिने,
- उच्च ज्वरो आउने (१०४ फरेनहाईट वा माथि),
- दुध उत्पादनमा २५-८० प्रतिशत सम्म घट्ने,
- गर्भ तुहिने तथा बाझोपना देखिने, मृत्युदर कम भएपनि धेरै पशुहरु बिरामी हुन सक्ने ।

### रोग सर्ने मुख्य मुख्य माध्यमहरु

- लामखुट्टे,झिंगा,किर्ना आदिको टोकाईबाट,
- संक्रमित गाईभैंसीको ओसारपसार र लसपसबाट,सिँगान र्यालबाट,एउटै दानापानीको भाँडोको प्रयोगबाट,
- संक्रमित गाईभैंसी र स्वास्थ्य गाईभैसीलाई उपचारको क्रममा एउटै सुई प्रयोग गर्दा ।

### उपचार

- ठोस उपचार र नेपालमा हाल सम्म खोप उपलब्ध नभएको हुदाँ प्राविधिकको सल्लाहमा लक्षण अनुसारको उपचार गर्ने ।

### रोगथाम तथा सावधानीका उपायहरु :

- गोठ वरपर खाल्डाखुल्डी पुर्ने, लामखुट्टेको फुल नष्ट गर्न सावधानीक रुपमा मट्टितेल छर्कने साथै भुसुना तथा लामखुट्टेबाट जोगाउन साँझमा गोठ धुवाँउने,
- आफ्नो गोठलाई हरेक हप्ता विभिन्न Kohrsolin, Virkon आदिको प्रयवग गरि निसंक्रमण गर्ने,
- संक्रमित क्षेत्रवाट गाईभैसीको ओसारपसार नगर्ने, यदि जोखिम स्थानवाट पशु खरिद गरिएको छ भने सो पशुलाई कम्तिमा २१ दिनसम्म आफ्नो खोरमा रहेको पशुहरुसँग नमिसाइ अलग राख्ने साथै रोगी पशुहरुलाई अलग्गै राख्ने साथै रोगी पशुहरुलाई अलग्गै राखी छुट्टै दाना पानीको व्यवस्था गर्ने,
- गोठ नियमित रुपमा फिनेल पानीले सफा गर्ने साथै गोठमा पानी, दिशा, पिशाब जम्न नदिने,
- गोठ र मलखाडी को दुरी कम्तिमा १० मिटर कायम गर्ने,
- गोठमा जैविक सुरक्षाका लागि अनावश्यक रूपमा मानिसको आवत जावत नगर्ने ,प्रवेश द्धारमा फूटबाथ को व्यवस्था गरि आनिबर्य रुपमा फुटबाथमा टेकेर मात्र प्रवेश गर्ने,

यदि माथि उल्लेखित मिल्दो जुल्दो लक्षण देखिएमा तुरुन्तै आफ्नो नजिकको पशुस्वास्थ्य प्राविधिकलाई सम्पर्क गरेर लक्षण अनुसारको उपचार गराउनु हुन अनुरोध छ ।

**सुन्दरहरैंचा नगरपालिका**
**पशुपन्छी तथा मत्स्य प्रवर्द्धन शाखा**
**विराटचौक, मोरङ**